गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

ाज मिति २०८२/०२/२८ गतेका दिन बसेको मालारानी गाउँ कार्यपालिकाको ६१ औं बैठक ाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको पस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिमका निर्णयहरु गरियो।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | | श्री दिपा पोख्रेल | उपाध्यक्ष | दीपा |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | |
| [illegible] | ३ | श्री दण्डपाणि पोख्रेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोख्रेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | सरस्वती |
| १[illegible] | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

१- नेत्र प्रसाद खताल - प्रशासकीय अधिकृत

२- पदम आचार्य - स.क.अ.

३- शोभाखर खताल - का.स. शोभा२०८२

मालारानी गाउँपालिका, अर्घाखाँची

गाउँ कार्यपालिकाको ६१औं बैठक

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२।०२।२८
समय: बिहान ११.०० बजे

बैठकका प्रस्तावहरु

१ ६० औं बैठकको समिक्षा सम्बन्धमा ।
२ हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा ।
३ अनुगमन प्रतिवेदन सम्बन्धमा ।
४ गाउँसभाको १८औं अधिवेशन अन्त्य गर्ने सम्बन्धमा ।
५ गाउँसभाको १९औं अधिवेशन बैठक आव्हान गर्ने सम्बन्धमा ।
६ आ.व.२०८२।८३ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
७ बिभिन्न विषयगत प्रतिवेदनहरु गाउँसभा समक्ष पेश गर्ने सम्बन्धमा
८ जिल्ला प्रशासन कार्यालयमा विपद् सामाग्री खरिदका लागि रकम जम्मा गरिदिने सम्बन्धमा ।
९ गैरखाद्य विपद्जन्य सामाग्री खरिद सम्बन्धमा
१० मनसुन जन्य विपद् व्यवस्थापनको लागि त्रिपाल खरिद सम्बन्धमा
११ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा
१२ भूमी आयोग सहजिकरण समिति गठन सम्वन्धमा ।
१३ जस्तापाता खरिदको लागत सहभागिता वापतको रकम भुक्तानी सम्बन्धमा
१४ आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्वन्धमा
१५ बिबिध/ समसामयिक बिषयहरु सम्बन्धमा ।

बैठकका प्रस्ताव र निर्णयहरु

| | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ६० औं बैठकको समिक्षा । | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने । | मिति २०८२।०१।०८ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका ७ वटै निर्णयहरु मध्य ३ वट निर्णयहरु जानकारी मुल्तक भएको र अन्य निर्णयहरु निर्देशक समितिको निर्णय अनुमोदन, प्रकाश स्मृति कप पालिका स्तरीय भलिवल प्रतियोगितामा सहभागि हुँदाको खर्च र मुख्यमन्त्री कप पुरुष भलिवल प्रतियोगिताको रकम व्यवस्थापन, जनता आ.विको जिर्ण भवन व्यवस्थापन गर्ने बिषयमा गरिएका निर्णयहरु कार्यान्वयन भएको देखिएकोले सबै | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| २ | हालसम्मको आय-व्ययको विवरण सम्बन्धमा | गाउँपालिकाको समग्र आय-व्यय तथा वित्तिय प्रगतिको विवरण गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको । | आ.व. २०८१।८२ का लागि गाउँसभाबाट विनियोजित रू ६२ करोड ४३ लाख ३७ हजार ४ सय ३८ मध्ये हालसम्म ७०.८४ प्रतिशत आय भई चालुतर्फ ६१.७४ प्रतिशत र पुँजीगत वजेट तर्फ ५७.१४प्रतिशत गरी जम्मा ५९.४४ प्रतिशत प्रगति हासिल भएको व्यहोरा बैठकमा प्रस्तुत भएकोले अनुमोदन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो । |
| ३ | मासिक अनुगमन प्रतिवेदन सम्बन्धमा | गाउपालिका उपाध्यक्षले योजना तथा कार्यक्रमहरुको अनुगमन गरी मासिक प्रतिवेदन गाउँ कार्यपालिका बैठकमा पेश गर्नुपर्ने कानुनी प्रावधान रहेको । | यस गाउँपालिका अन्तर्गत सन्चालन भएको मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाबाट सन्चालित कार्यक्रमहरुको परियोजना व्यवस्थापन तथा अनुगमन सममितबाट पेश भएको समिक्षात्मक संलग्न बमोजिमको अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो । |
| ४ | गाउँसभाको १८औं अधिवेशन अन्त्य गर्ने सम्बन्धमा । | गाउँसभाको १८ औं अधिवेशन बैठक चालु रहेकोले उक्त अधिवेशन गाउँ कार्यपालिकाको सिफारिसमा अध्यक्षबाट अन्त्य गरी सम्बद्ध पक्षलाई जानकारी गराउनु पर्ने प्राबधान रहेको । | मालारानी गाउँसभाको मिति २०८१।०९।२६ गते प्रारम्भ भएको १८औं अधिवेशन मिति २०८२।०२।३० गते देखि अन्त्य गर्नको लागि सभाध्यक्ष समक्ष सिफारिस गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ५ | गाउँसभाको १९औं अधिवेशन आव्हान गर्ने सम्बन्धमा | गाउँसभा अधिवेशन गाउँ कार्यपालिकाको सिफारिस बमोजिम आव्हान गर्नु पर्ने कानुनी प्रावधान रहेको । | गाउँसभाको १९ औं अधिवेशन मिति २०८२।०३।०५ गते विहान ११.०० बजेका लागि आव्हान गर्नको लागि सभाध्यक्षज्यू समक्ष सिफारिस गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ६ | आ.व.२०८२।८३ को बार्षिक नीति तथा कार्यक्रम | बार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँसभामा पेश गर्नको लागि सभाध्यज्यूलाई गाउँ कार्यपालिका बैठकबाट स्वीकृती प्रदान गर्ने कानुनी प्रावधान रहेको । | आ.व.२०८२।८३ को बार्षिक नीति तथा कार्यक्रम संलग्न बमोजिम स्वीकृत गर्ने र गाउँसभाको १०औं अधिवेशनको पहिलो बैठकमा पेश गर्नको लागि सभाध्यक्षज्यूलाई स्वीकृती प्रदान गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ७ | बिभिन्न बिषयगत प्रतिवेदनहरु गाउँसभा समक्ष पेश गर्ने सम्वन्धमा | राजस्व परामर्श समितिको प्रतिवेदन, न्यायिक समितिको प्रतिवेदन र अनुगमन तथा सुपरीवेक्षण सम्बन्धीका प्रतिवेदनहरु स्वीकृत गरी गाउँ गाउँसभामा पेश गर्ने प्रावधान रहेको । | यस गाउँपालिका स्थिति राजश्व परामर्श समितिको प्रतिवेदन, न्यायिक समितिको प्रतिवेदन र अनुगमन तथा सुपरीवेक्षण सम्बन्धीका संलग्न बमोजिमका प्रतिवेदनहरु स्वीकृत गरी उक्त प्रतिवेदनहरु मिति २०८२।०३।०५ गतेको लागि आव्हान भएको गाउँसभाको १९औं अधिवेशनमा समितिको तर्फबाट पेश गर्नको लागि स्वीकृती प्रदान गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |

दल बहादुर भट्टराई
अध्यक्ष

| | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ८ | जिल्ला प्रशासन कार्यालयमा विपद् सामाग्री खरिदका लागि रकम जम्मा गरिदिने सम्बन्धमा | जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको च.नं.३१४३ मिति २०८२।०२।१४ गतेको पत्रबाट जिल्ला विपद् व्यवस्थापन समितिकोनिर्णय संलग्न राखि रकम जम्मा गरिदिनको लागि अनुरोध भई आएकोमा गाउँ कार्यपालिकावाट निर्णय हुनु पर्ने | जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको च.नं.३१४३ मिति २०८२।०२।१४ को प्राप्त पत्र र संलग्न मिति २०८२।०२।१३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय,नं. १० अनुसार मनसुनजन्य विपद् जोखिमबाट बच्नका लागि सुरक्षा निकायलाई विपद् तथा उद्धार सामाग्री खरिद गर्नको लागि जिल्ला प्रशासन कार्यालयको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय अर्घाखाँचीको ख ६ विविध- कोष खाता नं. ३०५०१००१०२०६०००००० मा विपद् व्यवस्थापन कोषबाट रु. १०००००।००( एक लाख मात्र) जम्मा गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ९ | गैरखाद्य विपद्जन्य सामाग्री खरिद सम्बन्धमा। | नेपाल रेडक्रश सोसाईटी जिल्ला शाखा EACH परियोजनासँगको साझेदारीमा नेपाल रेडक्रश सोसाईटी हंसपुर उपशाखाको लागि विपद्जन्य गैर खाद्य सामाग्री खरिदको लागि गाउँपालिकाबाट उपलब्ध गराउने रकमको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | नेपाल रेडक्रश सोसाईटी जिल्ला शाखा EACH परियोजनासँगको साझेदारीमा नेपाल रेडक्रश सोसाईटी हंसपुर उपशाखाको लागि ५० परिवारलाई पुग्ने गरी विपद्जन्य गैर खाद्य सामाग्री खरिदको लागि गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. १०००००।०० उपलब्ध गराउने प्रतिवद्धता गर्ने र सो सम्बन्धीको Standard Operating Procedure मा हस्ताक्षर गर्नको लागि अध्यक्षज्यूलाई हस्ताक्षर गर्नको लागि स्वीकृती प्रदान गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १० | मनसुन जन्य विपद् व्यवस्थापनको लागि त्रिपाल खरिद सम्बन्धमा | मनसुनजन्य विपद् व्यवस्थापनको लागि तत्काल त्रिपालहरु खरिद गर्नुपर्ने भएकोले गाउँ कार्यपालिकाबट निर्णय हुनु पर्ने | यस बर्षको मनसुन प्रारम्भ भैसकेको अवस्थामा मनसुनजन्य विपद् व्यवस्थापन तथा प्रभावितलाई तत्काल राहत प्रदान गर्नको लागि विपद् व्यवस्थापन कोषबाट बजेट व्यवस्थापन गर्ने गरी हाललाई २५० थान त्रिपाल खरिद गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ११ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा। | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको मिति २०८२।०१।२६ का संख्या ३/c-०६६४३०/०८१/८२ च.नं.५३५११, संख्या ३/c-१२२८६/०८१।८२ च.नं.५३५१४ संख्या ३/c-०३१३८२/०८१/८२ र मिति २०८२/०१/२६ संख्या ३.१/c-०७९५१९/०८१/०८२ च.न. ५३४६९ का निर्णय कार्यान्वयन सम्बन्धमा विषयक प्राप्त पत्रानुसार उल्लेखित निर्णयहरु कार्यान्वयनको लागि कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | १.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको मिति २०८२।०१।२६ को संख्या ३/c-०६६४३०/०८१/८२ च.नं.५३५११ पत्रबाट विरेन्द्र माध्यमिक विद्यालयका पूर्व प्र.अ. तथा हालका प्र.अ.ले दिवाखाजा खुवाउने सन्दर्भमा नभएका विद्यार्थी हरुको हाजिरी रेकर्ड देखाई आफैले हस्ताक्षर गर्ने गरेको, टेष्ट पास नगरेकालाई सर्टिफिकेट बिक्री गरेको, सर्टिफिकेटको रकम भर्पाई नगरी हिनामिना गरेको भन्ने समेतको व्यहोराको उजुरी सम्बन्धमा छानविन हुँदा आ.व.२०७७।२०७८ मा दिवाखाजा वापत आएको रकम नियम विपरित अन्य शिर्षकमा खर्च गरेकोमा हाल उक्त रकम राजश्व खातामा दाखिला गरेको देखिएको हुँदा सम्मानित आयोगको मिति २०८२।०१।२५ को निर्णयानुसार अब उप्रान्त विद्यालयमा शिर्षकगत रुपमा निकाशा भएको रकम प्रचलित शिक्षा ऐन तथा नियमावली अनुसार कार्यान्वयन गर्न गराउन भनि लेखि आएकोले सो बमोजिम गर्ने गराउनको लागि प्रतिबद्धता गर्ने र सम्बन्धित शाखा तथा विद्यालयलाई जानकारी गराउने साथै सोको जानकारी सम्मानित आयोगको कार्यालयमा पठाउने।<br><br>२.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको मिति २०८२।०१।२६ को संख्या ३/c-१२२८६/०८१।८२ च.नं.५३५१४ को पत्रबाट आदर्श माध्यमिक विद्यालय, खनदह्गा प्र.अ. भेषराज खनालले आफ्नो भतिज्ञो र श्रीमतीलाई शिक्षक नियुक्ति गरेको, सि.सि.टि.भि. क्यामेरा र ल्यापटप खरिद गर्दा कमिसन खाई कम कम गुणस्तरको ल्याएको, स्टेशनरी तथा ड्रेस खरिदमा सहायक प्र.अ.को पसलबाट खरिद गर्न लगाई कमिसन लिने गरेको, दिवा खाजाको रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीको छानविन हुँदा खरिद कार्यमा प्रकृयागत त्रुटीहरु सुधार गर्नुपर्ने देखिएको हुँदा सम्मानित आयोगको मिति २०८२।०१।२५ को निर्णय अनुसार मालारानी गाउँपालिका अन्तर्गत रहेका विद्यालयका प्र.अ. तथा कर्मचारी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई सार्वजनिक खरिद सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरी खरिद कार्यमा देखिएका प्रक्रियागत गर्न/ गराउन भनि लेखि आएकोले सो बिषयमा सम्बन्धित पक्षलाई अभिमुखिकरण कार्यक्रम सन्चालन गर्न प्रतिबद्धता गर्ने र सोको जानकारी सम्मानित आयोगको कार्यालयमा पठाउने।<br><br>३.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको मिति २०८२।०१।२६ संख्या ३/c-०३१३८२/०८१/८२ च.नं.५३५१८ को पत्रानुसार श्री आदर्श माध्यमिक विद्यालयका प्र.अ.भेषराज खनालले विद्यालयको नाममा रहेको स्कुल बसलाई बुटवलको एक निजी विद्यालयमा गैर कानुनी रुपमा मासिक रु. ८० हजार भाडामा लगाई विद्यालयमा मासिक २०/२५ हजार आउने सम्झौता गरी आर्थिक अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा छानविन हुँदा विद्यालय बस भाडामा लगाएको देखिन आएकोले सम्मानित आयोगको मिति २०८२।०१।२५ को निर्णय अनुसार जुन प्रयोजनको लागि बस खरिद भएको हो सो प्रयोजन पुरा गर्न नसक्ने नियकाले त्यस्ता कार्यक्रम सन्चालन गर्दा गर्नुपर्ने प्रयाप्त तयारी नगरेको तथा सरकारी विद्यालयले दुर्गम स्थानमा सवारी साधन सक्कु बस सन्चालन गर्ने नियमित लागतमा कठिनाई भई भाडामा लगाउने कार्य नीति सम्मत नदेखिएकोले जुन प्रयोजनको लागि ल्याईएको हो सो बाहेक अन्त्र प्रयोग नगर्न र सबै वर्ग क्षेत्रका विद्यार्थीहरुलाई सुविधा पुग्ने गरी साधनको प्रयोग नियमित रुपमा गर्ने/ गराउने भन्ने लेखि आएकोले सो बमोजिम गर्न गराउनको लागि सम्बन्धित विद्यालयलाई निर्देशन गर्ने र सोको जानकारी सम्मानित आयोगको कार्यालयमा पठाउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर
अध्यक्ष

गोविन्द अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १५ | बिबिध/ समसामयिक निर्णयहरु | | | |
| १५.१ | छात्रवृति रकम भुक्तानी सम्बन्धमा | जिल्ला स्थित विद्यालयमा साधारण विज्ञान अध्ययन गर्ने दलित विद्यार्थीलाई छात्रवृति कार्यक्रम रहेकोमा मालारानी ४ निवासी आकाश वि.क.ले छात्रवृतिको लागि निवेदन पेश गरेकोले कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | आ.व.२०८१।८२ को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत जिल्ला स्थित विद्यालयमा साधारण विज्ञान अध्ययन गर्ने दलित विद्यार्थीलाई छात्रवृति कार्यक्रम स्वीकृत भएकोमा उक्त रकम मध्येबाट रू २०,०००/- (बीस हजार) रकम एकमुष्ठ रूपमा निज निवेदक वा निजको परिवारको खातामा उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १५.२ | शिक्षण सहयोग अनुदान सम्बन्धमा | चालु आ. व. को हिउँदे सभाको अधिवेशनबाट शिक्षण सहयोग अनुदान रकमको लागि रकमान्तर भएको बजेटबाट विद्यालयलाई अनुदान प्रदान गर्ने विषयमा कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | आ.व. २०८१/८२ मा रकमान्तर गरी विद्यालय शिक्षक कर्मचारी व्यवस्थापन थप अनुदान शीर्षकमा भएको रू ५,००,०००/- बजेट मध्येबाट सरस्वती आधारभूत विद्यालय, मालारानी-३ लाई रू.२,००,०००/- , जनता आधारभूत विद्यालय, मालारानी-५, ब[illegible]लाई रू. २,००,०००/- र ज्योति आधारभूत विद्यालय, मालारानी-५, बाँगीलाई रू. १,००,०००/- रकम विद्यालयको मागको आधारमा शिक्षण सहयोग अनुदान उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १५.३ | ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा | पातलकटेरा थाम कोदाले सिमलचौर डाँडँकटेरी मो.बा. स्तरोन्नती कार्यका भएको ठेक्का नं. MRM/W/ NCB/2081/82/ 10 को सम्झौताको म्याद थपको लागि निवेदन पेश भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | आ.व.२०८१।८२ मा यस गाउँपालिका स्थित पातलकटेरा थाम कोदाले सिमलचौर डाँडँकटेरी मो.बा. स्तरोन्नती कार्यका लागि ठेक्का नं. MRM/W/ NCB/2081/82/ 10 अनुसारको कार्य मिति २०८१।०२।३१ गते सम्म सम्पन्न गर्ने गरी मालारानी निर्माण सेवासँग द्विपक्षीय सम्झौता भई निर्माणकार्य भैरहेको अवस्थामा उक्त निर्माण सेवाले विविध कारण देखाई म्याद थपको लागि निवेदन पेश गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सार्वजनिक नियमानवली २०६४ को नियम १२० अनुसार सम्झौताको म्याद समाप्त हुने मितिले थप २० दिन अर्थात मिति २०८२।०३।२० गते सम्मको लागि थप गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| १५.४ | विभिन्न संघसंस्थालाई आर्थिक सहयोग सम्ब्धमा | विभिन्न संघ संस्थाबाट आर्थिक सहयोग मागका निवेदन पेश भएकोले कार्यपालिकाबाट निर्णय हुनुपर्ने | १. निवृत राष्ट्रसेवक समाज नेपाल अर्घाखाँचीले २०८२ जेष्ठ ३० गते हुने पाँचौ जिल्ला अधिवेशनको लागि आर्थिक सहयोग माग गरेकोमा उक्त समाजलाई रु.८०००( आठहजार) आर्थिक सहयोग उपलब्ध गराउने।<br>२. प्रगतिशील लेखक संघ नेपाल अर्घाखाँचीद्धे बुद्धि [illegible]गमाझी स्मृति ग्रन्थ प्रकाशन र विमोचन भएकोले आर्थिक व्यवस्थानको लागि यस गाउँपालिकालाई २० थान पुस्तक उपलब्ध गराउनको लागि रु. १००००( दश हजार) आर्थिक सहयोग माग गरेकोले उक्त संघलाई माग बमोजिम रु. १००००( दश हजार) आर्थिक सहयोग उपलब्ध गरावउने।<br>३. गाउँ कार्यपालिकाको मिति २०८१।०३।१० गतेको निर्णय नं. १३.२. बाट नेपाल राष्ट्रिय अभिभावक संघ, जिल्ला कार्य समिति अर्घाखाँचीले २०८१।०२।०५ गते हुने जिल्ला अधिवेशन सम्पन्न गर्नको लागि आर्थिक सहयोग माग भए बमोजिम रु.११०००।००( एघार हजार ) आ.व.२०८०।८१ को लागि चालु खर्च तर्फ अन्य संस्था आर्थिक सहयोग शिर्षकमा विनियोजन भएको बजेट मध्येबाट भुक्तानी दिने भन्ने निर्णय भएकोमा हालसम्म उक्त रकम भुक्तानी नभएको र उक्त संघलाई चालु आ.व.को आर्थिक सहयोग शिर्षकबाट पूर्ववत निर्णय बमोजिमको रकम आर्थिक सहयोग रकम उपलब्ध गराउने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

दल बहादुर भट्टराई
अध्यक्ष